# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ०३ नोभेम्बर २०२३

समयः १८ः५० – १६ः०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले भाइटीका यभाई दूजद्धको अवसरमा देशवासीलाई शुभकामना दिनु भएको छ। देशको विभिन्न स्थानहरु लगायत दार्जीलिंग पहाड र तराई डुवर्समा चेली माइतीको चाड भाइ टिका पालन गरिएको छ।

२. पश्चिम बंगाल विधानसभाको शीतकालीन अधिवेशन नोभेम्बरको अन्तिम साताबाट हुन गईरहेको छ। अर्कोतिर संसदको शीतकालीन सत्र २५ नोभेम्बरदेखि शुरु हुने सम्भावना छ।

३. भारतीय सीमा सुरक्षा बलका महिला जवानहरूको एउटा टोलीले नदी नौका दुस्साहस अभियान चलाउने छन्।

४. लङभ्यू चियाबारीमा श्रमिकहरुको क्रमिक अनशन आज २७ दिन पुगेको छ। श्रमिकहरूले अनशन स्थलमा नै पालन गरे भाइ टिका।

५. दार्जिलिंग पहाडमा मौसममा परिवर्तन हुन साथै जाडो बढेको छ।

**पीएम.भाई दूज**

प्रधानमन्त्री नरेन्द्र मोदीले भाइटीका भाई दूजद्धको अवसरमा देशवासीलाई शुभकामना दिनु भएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै उहाँले यो पर्वले दाजुभाइ तथा दिदी बहिनीबीचको स्नेहलाई अझ प्रगाढ बनाउने विश्वास व्यक्त गर्नु भएको छ।

आज देशका विभिन्न भागहरूमा बसोबास गर्ने गोर्खा नेपाली समुदायले भाइ टीकाको त्यौहार आत्मीयता पारम्पारिक श्रद्धा एवं हर्षोल्लास साथ मनाए। माइतीहरूले आफनो चेलीबेटीका हातबाट टीका थापी चेलीहरूलाई फूलका माला पहिराए। यो तिहार आज दार्जीलिङ, खरसाङ, कालेबुङ अनि मिरिकका पहाड़ी इलाका, सिक्किम तथा गोर्खा बाहुलय क्षेत्र जलपाइगढ़ी जिल्लाको डुवर्स क्षेत्रमा पनि बड़ो हर्षोल्लासपूर्वक मनाइयो। चेलीहरूले आफनो माइतीहरूका जीवनमा कल्याण होस, खुशी, शान्ति र समृद्ध रहोस्, धन ऐश्वर्य बढ़ोस भन्ने कामना गर्दै ओखरलाई यमको शिरको प्रतीक बनाई यसलाई फुटाएर माइतीहरूको दीर्घायुको कामना गरे। उत्तरमा माइतीहरूले पनि आफना चेलीहरूको सक्दो सुरक्षा गर्ने वाचा गर्दै प्रतीकात्मक रूपमा भेटी तथा दक्षिणा साथै आर्शीवाद दिए। उल्लेखनीय छ, भाइ टीकाको चाढ़ले चेली र माइतीको बीच युगौं युगौंदेखिको प्रगाढ़ आत्मीय सम्बन्धलाई दर्शाउदछ। नेपाली समाजमा यम द्वितीय अर्थात भाइ टीकाको छुट्टै महत्व छ। आज भाइ टीका चाढ़को पालन साथै पाँच दिवसीय तिहार समाप्त भए तापनि देउसी खेल्ने क्रम भने अझ केही दिन जारी नै रहनेछ। हालैमा पनि टीका लगाउने कार्यक्रम सम्पन्न भएपछि देउसेहरू नयाँ अनि पारम्पारिक पोशाकमा सजिएर दल बाँधी घर-घर गई देउसी खेल्नमा मस्त छन्। यसरी देउसी र बाजा गाजा लिएर देउसी गीत खेलेकाले तिहारको वातावरण अझ रमाइलो बन्न गएको छ। रिपोर्टमा जनाए अनुसार दार्जीलिङ पहाड़ी क्षेत्र अनि तराई क्षेत्रमा पाँच दिवसीय दिपावली शान्तिपूर्ण ढंगमा सम्पन्न भयो, कही कतैबाट कुनै अप्रिय घटनाको समाचार प्राप्त छैन।

****** ० ******

**पश्चिम बङ्गाल भाई फोंटा**

पश्चिम बङ्गालमा भाइदूजको पर्वलाई भाई फोंटाको रुपमा धुमधामका साथ मनाइन्छ। यस दिन दिदीबहिनीले दाजुभाइलाई तिलक लगाई दिर्घायु र स्वस्थ जीवनको कामना गर्छन। त्यसपछि दाजु भाइले पनि दिदी.बहिनीलाई उपहार दिन्छन। यस अवसरमा दक्षिण २४ परगना जिल्लाको तटीय क्षेत्रमा बसोबास गर्ने महिलाहरूले मङ्ग्रोभ बोटलाई आफ्नो भाइ सम्झेर तिलक लगाएका थिए। प्राकृतिक प्रकोपका बेला म्यानग्रोभले दाजुभाइले जस्तै जोगाउने उनीहरुको विश्वास छ। यसले स्थानीयहरूलाई वर्षभरि सबै प्राकृतिक खतराहरूबाट जोगाउँछ। त्यसैले आइतवार भाइदूजको अवसरमा महिला तथा युवतीले म्यानग्रोभको रुखमा तिलक लगाई पर्व मनाएका छन्।

****** ० ******

**बीएसएफ जवानहरूसँग भाइदूज**

दक्षिण माल्दा बीजेपी महिला मोर्चाका सदस्यहरूले आइतबार भाइदूजको शुभ अवसरमा माल्दाको भारतबंगलादेश सीमामा रहेको महदीपुर बीओपीमा ७० बीएसएफ बटालियनका जवानहरूसँग भाइ फोन्टा पर्व मनाए र उहाँको दीर्घायुको कामना गरे। सीमा रक्षामा खटिएका यी वीर सैनिकका लागि विशेष समारोहको आयोजना गरी दिदी बहिनीहरुले निधारमा टिका लगाई सुस्वास्थ्यको कामना गरेका थिए।

## बंगाल विधानसभाको शीतकालीन अधिवेशन

पश्चिम बंगाल विधानसभाको शीतकालीन अधिवेशन नोभेम्बरको अन्तिम साताबाट शुरु हुँदैछए जसमा धेरै महत्त्वपूर्ण विषयमा छलफल हुने सम्भावना छ। स्रोतलाई उद्धृत गर्दै नोभेम्बर २५ बाट शुरु हुन सक्ने बताइएको छ। यो अधिवेशन लगभग १० दिन चल्ने छए जसमा राज्य सरकारले धेरै महत्त्वपूर्ण विधेयकहरू प्रस्तुत गर्ने योजना छ। विभागीय स्रोतका अनुसार केन्द्रबाट आर्थिक सहयोग नपाएको विषय यस अधिवेशनमा प्रमुख रुपमा उठ्ने छ। यसका साथै १०० दिने रोजगारी ग्यारेन्टी योजना र आवास योजनाका विषयमा पनि छलफल हुने सम्भावना छ। यी योजनाहरूसँग सम्बन्धित समस्याहरू र बाँकी रहेका भुक्तानीहरूको बारेमा पनि सरकारी प्रस्तावहरू प्रस्तुत गर्न सकिन्छ। पश्चिम बंगालका पाँच जिल्लाका छवटा विधानसभा क्षेत्रमा १३ नोभेम्बरमा उप चुनाव हुँदैछ र त्यसको परिणाम २३ नोभेम्बरमा घोषणा गरिने भएको छ।

****** ० ******

## शीतकालीन सत्र

संसदको शीतकालीन सत्र २५ नवम्बरदेखि शुरु हुने सम्भावना छ। महाराष्ट्र झारखण्डको विधानसभा चुनाव समाप्त हुने बित्तिकै संसद्को शीतकालीन सत्र शुरु हुने जानकारी संसदका बिशेष सूत्रद्वारा जानकारी प्राप्त भएको छ। यस शीतकालीन सत्रमा शहरी नक्शलवादए एक देश एक चुनाव साथै वाक्फ बोर्ड विधेयक पेश गरिने प्रबल सम्भावना छ।

****** ० ******

## बीएसएफ वूमेन एक्पेडीशन

भारतीय सीमा सुरक्षा बलकी महिला जवानहरूको एउटा टोलीले ५३ दिने नदी नौका दुस्साहस अभियान चलाउने छन्। यसको नारा छ- सशक्त महिला समृद्ध राष्ट्र स्वच्छ गंगा जीवन वरदान। यस प्रथम बीएसएफ.एन.एम.सी.जी सबै महिला नदीय नौकायन अभियानमा शाहसी महिला पुलिसहरूले उत्तराखण्डको गंगोत्रीदेखि आफनो अभियान शुरू गर्नेछन् तथा २५०० किलोमीटर लामो गंगा नदीमा नौका अभियान गर्नेछन्।

****** ० ******

## लङभ्यू अनशन

लङभ्यू चियाबारीमा श्रमिकहरुले शुरू गरेको क्रमिक अनशनले आज २७ दिन पुगेको छ। अनशनको २७ औं दिन तिहारको भाई टिकामा पनि श्रमिकहरू क्रमिक अनशनमा बसे। आज भाई टीकाको दिन यहाँका श्रमिकहरु आफ्नो हक र अधिकारको निम्ति अनशन बसेका थिए। आज लङभ्यू चियाबारीका महिला श्रमिकहरुले हिल प्लान्टेशन इम्प्लोइज युनियनका प्रतिनिधिहरू अनि पत्रकार माईतीहरुलाई अनशन स्थलमा नै भाई टीका लगाई दिए। उनीहरुले एकातिर श्रमिकहरुको हक र हितको निम्ति क्रमिक अनशन जारी रहने संकेत दिए भने अर्कोतिर हाम्रो सांस्कृतिक पर्व पनि जस्तै परिस्थितिमा पनि पालन गर्नुपर्छ भन्ने सन्देश दिएका छनू। उल्लेखनीय छ लङ्भ्यू चियाबारीमा श्रमिकहरूलाई केवल १० प्रतिशत मात्र बोनस दिएको लगायत बगानमा वेतन साथै अन्य धेरै राशि भुक्तानमा बाँकी रहेकाले श्रमिकहरु विगत २७ दिनदेखि लगातार रूपमा क्रमिक रिले अनशनमा बसिरहेका छनू।

****** ० ******

## सुभेन्दु- मादरीहाट

पश्चिम बंगाल विधानसभामा विपक्षी नेता तथा भाजपा विधायक सुभेन्दु अधिकारीले हिज पश्चिम बंगाल तथा असमको सीमाना बडोबिसामा आयोजित श्यामा पुजामा सहभागिता गर्नु भयो। अलिपुर जिल्लाको मादरीहाट विधानसभा उपचुनावमा भाजपा उम्मेद्वार राहुल लोहरको समर्थनमा चुनाव प्रचार गर्न सुभेन्दु अधिकारी हिज आएका थिए। यस अवसरमा बोल्दै अधिकारीले मानिसहरूलाई दशैं तिहारको शुभकामना दिंदै उत्तर बंगालको समृद्धि र विकासको कामना गर्नुभयो। उहाँले आफनो एक सामाजिक संजाल पोस्टमा ममता सरकार उत्तर बंगाललाई विकास र प्रगतिदेखि वंचित गरेर राखेको तथा राज्यमा भ्रष्टाचार बलात्कार, हत्या चरममा पुगेछ भन्नुभयो। उहाँ राज्यको शाक्ति, विकास र प्रगतिका लागि भाजपा सरकारको नितान्त खाँचो रहेको पनि बताउनु भयो। श्री अधिकारीले आज भाइ टीका, भैया दूज, भाइ फोटाको र सबैलाई बधाई र शुभकामना दिनुभएको छ।

****** ० ******

## मौसम

मौसममा वरिवर्तन हुन साथै दार्जीलिङ क्षेत्रमा ठण्डाको लहर बढ़ेको छ। दर्जीलिङमा तापमान १६ डिग्री सेल्सियस रेकर्ड गरियो भने खरसांगमा आज १६ डिग्री सेल्सियस तापमान रेकर्ड गरियो। सिलगढ़ीमा २० डिग्री सेल्सियस तापमान रहयो भने कालेबुडको तापमान २१ डिग्री सेल्सियस रहयो। पश्चिम बंगालमा अहिले घड़ी वर्षाको कुनै सम्भावना छैन। मौसम

विभागले आगामी केही दिनहरूसम्म दक्षिण बंगालको जिल्लाहरूमा मौसम शुष्क रहने अनुमान व्यक्त गरेको छ। आगामी मंगलबार अनि बुधबार दक्षिण २४ परगना, पूर्वी मेदिनीपुर, मुर्शिदाबादमा सामान्य वर्षा हुने सम्भावना व्यक्त गरिएको छ भने आजदेखि बुधबारसम्म दार्जीलिङ, कालेबुङ, अलिपुरद्वार, जलपाइगढ़ीमा हल्का वर्षा हुने अनुमान व्यक्त गरिएको छ। मौसम विभागले आउने हप्तादेखि तापमानमा गिरावट आउने आशंका व्यक्त गरेको छ।

****** ० ******

**सम्वर्द्धना**

दार्जिलिङ पुलबजार खण्ड अन्तर्गत लोवर सिरिसे समृद्धि समाज युवा समूहद्वारा एक विशेष कार्यक्रमको आयोजना गरी अवकाशप्राप्त शिक्षकहरू साथै प्रतिभाशाली बाल बालिकालाई सम्वर्द्धना जनाएको छ। स्थानीय लोवर सिरिसे प्राथमिक पाठशाला प्राङ्गणमा सांस्कृतिक कार्यक्रमको आयोजना गरी उक्त सम्मानसहित कार्यक्रम आयोजना गरिएको आयोजकको पक्षमा राजीब राईले जानकारी दिनु भएको छ।

****** ० ******

**गंगोत्री धाम कपाट**

उत्तराखण्डको उत्तरकाशीमा अवस्थित गंगोत्री धामको कपाट अर्थात द्वार हिज अभिजीत मुहूर्तमा विधिवत पूजा अर्चना पश्चात जाड़ो महिना भरिका लागि बन्द गरिएको छ। अब यस धामको द्वार ग्रीष्मकाल अर्थात गर्मी महिना लागे पछि मात्र खोलिनेछ। देशको पवित्रतम.प्रमुख तीर्थ स्थल मध्ये गंगोत्री एउटा महत्वपूर्ण स्थान हो। आज बिहान केदारनाथको पनि कपाट बन्द गरियो। उत्तराखण्ड सरकार अनुसार यो वर्ष देश विदेशबाट ८ लाख भन्दा बढ़ी श्रद्धालुहरू गंगोत्री धामको दर्शन अनि पूजा अर्चना गरे। यसै गरी यमुनोत्री माता गौरी माई मन्दिरको द्वार आज विधिवत पूजा.अर्चना पश्चात बन्द गरिनेछ। बद्रीनाथको द्वार १७ नोभेम्बरको दिन बन्द गरिनेछ।

****** ० ******

************